# पनौती नगरपालिकाको तेश्रो नगर सभामा

# उप-प्रमुख गिता बञ्जाराज्यबाट प्रस्तुत बजेट बक्तव्य

अध्यक्ष महोदय,

पनौती नगरपालिकाको बार्षिक बजेट निति तथा कार्यक्रम २०७५/०७६ तथा बिनियोजन बिधेयक २०७५ ले प्रदान गरेको अधिकार र सिमाभित्र रही आर्थिक वर्ष २०७५/०७६ का आय ब्यय सहितको बजेट तथा कार्यक्रम सम्मानित नगर सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु । .

आगामी बर्षको बजेट तर्जुमा गर्दा निम्न आधार लिइएको छ

- कर तथा दस्तुरको संकलित अवस्था र संभावना
- प्राप्त हुन सक्ने अनुमानित शशर्त/निशर्त आय
- रोयल्टी बापतको रकम
- स्वीकृत भई अधुरा रहेका योजना लगायत सञ्चालन हुन बाँकी योजना तथा कार्यक्रम
- पूर्वाधार विकास समितिले सिफारिस गरेका योजना
- ऐन नियम दिग्दर्शनले व्यवस्था गरेको मार्गदर्शन
- समुदाय स्तरको भेला
- वडा भेलाबाट प्राप्त सुझाव
- विषयगत समितिको राय सुझाव एवँ सिफारिस
- जनतासँग आमने सामने कार्यक्रमवाट सुझाव
- बौद्धिक समूह भेलाको मार्ग दर्शन
- राजश्व सुधार योजना २०७५
-

१. कर दस्तुर निर्धारण एवं पुनरावलोकनका लागि गठित उप समिति नगरस्तरीय राजश्व परामर्श समितिको सिफारिशमा निर्धारण गरिएका कर दस्तुर सम्बन्धि दररेट आर्थिक विधेयकमा उल्लेख गरिए बमोजिम हुनेछ । यसबाट र बाह्य स्रोतबाट हुने आय समेत गरिरु. ९२ करोड ३८ लाख १० हजार आय हुने अनुमान गरिएको छ ।

जसमा,

आन्तरिक आयबाट रु. ४१ करोड ०१ लाख ६१ हजार
राजश्व बाँडफाँडबाट रु. ११ करोड १५ लाख ४३ हजार
नेपाल सरकार र प्रदेश सरकारबाट वित्तीय समानिकरण
अनुदान रु. १४ करोड ४० लाख ४३ हजार
सशर्त अनुदान रु. २१ करोड ९२ लाख
अन्य स्रोत रु. १५ करोड ४ लाख ६ हजार

२. आय अनुमान र वित्तीय परिचालनको आधारमा कुल जम्मा रु. ९८ करोड ६१ लाख ४९ हजारको बजेट विनियोजन गरिएको छ । अनुमानित बजेट देहाय अनुसार खर्च हुने अनुमान गरिएको छ ।

जसमा.

विषयगत सेवा केन्द्र, सामाजिक सुरक्षा समेत गरि चालु खर्च रु. ३८ करोड ४३ लाख ४८ हजार

पुँजिगत खर्च रु. ५९ करोड ९३ लाख ०१ हजार

वित्तीय व्यवस्था रु. २५ लाख

आय अनुसार खर्चको लागि नपुग हुन जाने रकम यस प्रक्षेपित आयको तुलनामा रु. ६ करोड २३ लाख ३९ हजारको घाटा बजेट रहेको भएता पनि त्यसलाई आर्थिक वर्षमा खर्च नभई बाँकी हुन आउने मौज्दात र विभिन्न निकायसँग नियमानुसार आवश्यक ऋृण लिई परिपूर्ति गर्ने व्यवस्था मिलाईएको छ ।

क्षेत्रगत बजेट विनियोजनको विवरण देहाय अनुसार रहेको छ ।

आर्थिक विकासमा रु. ४ करोड ५६ लाख

सामाजिक विकासमा रु. ११ करोड ९९ लाख ५१ हजार

पूर्वाधार विकासमा रु. ३१ करोड ३३ लाख

वातावरण तथा विपद व्यवस्थापनमा रु. २ करोड ८३ लाख

संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा रु. ७ करोड ९६ लाख ५० हजार

क्षेत्रगत बजेट विनियोजनको विस्तृत विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।

३. आगामी बर्षदेखि सबै वडामा एकिकृत सम्पत्ती करको सट्टा सम्पत्ती कर लगाउने व्यवस्था गरिएको छ जसको विस्तृत विवरण अर्थ विधेयकमा समाबेश छ ।

४. नगरपालिकाको मौजूदा जनशक्ति समायोजन गर्नु पर्ने दरबन्दी लगायत थप गर्नु पर्ने कर्मचारी दरबन्दीको एकिकृत तालिका अनुसूचिमा उल्लेख छ ।

५. प्रस्तावित जनशक्तिलाई आवश्यक तलव भत्ताका लागि बजेट व्यवस्था गरिएको छ ।

६. समुदायमा आधारित वडा स्तरिय फोहोरमैला व्यवस्थापन गर्ने नीति अख्तियार गरिएको छ, तत सम्बन्धी मापदण्ड अनुसूचिमा उल्लेख गरिएको छ ।

७. वडालाई वित्तिय अधिकारमा लैजाने गृहकार्य भइरहेको छ । वडा सञ्चालन खर्च र खर्च खाताको व्यवस्था मिलाइएको छ । यसबाट स-साना प्रकृतिका सञ्चालन खर्च लगायत साना विकास आयोजना वडागत रुपमा नै गर्न सकिने छ । यसको लागि प्रति वडा रु. २० लाखका दरले बजेट व्यवस्था गरिएको छ । यस सम्बन्धी मापदण्ड अनुसूचिमा उल्लेख गरिएको छ ।

८. वडाले वडा भेला गरी सहभागितात्मक योजना तर्जुमा पद्धतिका आधारमा प्राप्त योजनाहरुलाई प्रत्येक वडामा ठुला साना गरी आठ वटा योजनाको लागि ६० लाख विनियोजन गरिएको छ।

९. स-साना सामाजिक क्षेत्रका कार्य गर्न प्रत्येक वडालाई वार्षिक रु. २ लाखका दरले बजेट व्यवस्था गरिएको छ ।

१०. पनौती ५ स्थित एस ओ एस बालग्राममा अध्ययनरत बेसहारा टुहुरा असहाय अनाथ बालबालिका हरुको अध्ययनका लागि एक वर्षे छात्रवृति कार्यक्रम तर्जुमा गरिएको छ । जसको लागि रु. १६ लाख ६१ हजार बजेट विनियोजन गरिएको छ ।

११. विषयगत निकायका हकमा तोकिए अनुसार प्राप्त हुन आएको बजेटलाई मुल बजटमा समावेश  गरि तोकिए बमोजिम नै बजेट विनियोजन गरिएको छ । हस्तान्तरण हुने वा आउन बाँकी निकायका बजेट तथा कार्यक्रम यस बजेटमा समावेश हुन सकेको छैन । प्राप्त भए अनुसार जे जसरी तोकिएर प्राप्त हुन्छ सोही बमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाइनेछ साथै गैसस लगायतका विभिन्न योजना परियोजनाको बजेट समेत मुल बजेटमा समाबेश नभएता पनि कायान्वयनका क्रममा त्यस्ता संस्थाले नगरपालिकाको अनिवार्य सहमति लिई कायान्वयन गर्ने व्यवस्था मिलाइने छ ।

१२. नगर सडक यातायात गुरुयोजना तर्जुमा गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ ।

१३. नगरको समग्र बृहत एकिकृत शहरी विकास योजना तर्जुमा गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

१४. पेश्की बेरुजू लगायत बाँकी बक्यौता असल उपर गर्ने आवश्यक व्यवस्था मिलाइएको छ ।

१५. मानेश्वरी बसपार्क क्षेत्र सुधारको निर्माणाधिन कार्य सम्पन्न गर्न आवश्यक बजेट व्यवस्था गरिएको छ ।

१६. सञ्चार क्षेत्र र सञ्चारकर्मिको उत्प्रेरणाको लागि बजेट व्यवस्था गरिएको छ ।

१७. नगरका विभिन्न नाकामा साविकदेखि लाग्दै आएको सवारी साधन कर नलगाउने नीति आख्तियार गरिएको छ ।

१८. पुण्ययाता करिडोर बैकल्पिक सडक निर्माण गर्न आगामी आ.व.को लागि रु. ७ करोडको बजेट व्यवस्था गरेको छु । यसलाई बहु बर्षिय आयोजनाको रुपमा लिई निरन्तर बजेटको व्यवस्था गरिने छ ।

१९. योजना सिघ्र र स्तरिय रुपमा सम्पन्न गर्नेलाई मापदण्डको आधारमा योजनागत पुरस्कारको व्यवस्था गरिएको छ ।

२०. खोप केन्द्रको पुनरावलोकन गर्ने व्यवस्था सहित प्रति खोप केन्द्रमा दिईंदै आएको रकममा वृद्धि गरिएको छ । खोप केन्द्र सख्या र सञ्चालन खर्च नगर कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

२१. विपन्न दलित विद्यार्थीहरुलाई विशेष छात्रवृतिको व्यवस्था मिलाइएको छ ।

२२. प्रत्येक सामुदायिक माध्यमिक विद्यालयहरुमा इन्टरनेटको सुविधा प्रदान गरिनेछ ।

२३. बैठक भत्ता दर प्रति बैठक प्रति सदस्य कर सहित रु. १ हजार ५ सय तोकिएको छ । बैठक भत्ता सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ । जन प्रतिनिधिहरुको पारिश्रमिक तथा सुविधा सम्बन्धमा प्रदेश कानूनले व्यवस्था गरे बमोजिम हुने व्यवस्था मिलाईएको छ ।

२४. कर्मचारीको मनोबल उच्च राख्न, कार्य उत्प्रेरणा जगाउन तथा कार्य बोझको आधारमा आन्तरिक स्रोतबाट व्यहोर्ने गरि प्रोत्साहनको रुपमा मासिक सुविधा थप दिन बजेट व्यवस्था गरिएको छ । यस सम्बन्धि व्यवस्था नगर कार्यपालिकाले तोके बमोजिम हुनछ ।

२५. नगद सहभागितामा आधारित साझेदारी कार्यक्रममा विनियोजित बजेटबाट नगर क्षेत्रको पूर्वाधार विकास सामाजिक विकास आर्थिक लगायतका क्षेत्रगत विकासमा स्थानीय उपभोक्ताहरुसँग साझेदारी गर्ने व्यवस्था गरिएको छ ।

२६. पोशाकमा एकरुपता कायम गर्न पदाधिकारीहरुका लागि पोशाकको व्यवस्था गरिएको छ ।

२७. प्रचलित कानून-प्रदेश कानूनले तोके बमोजिम पदाधिकारीका लागि आवश्यक पारिश्रमिकको व्यवस्था गरिएको छ ।

२८. आय प्रक्षेपणको विस्तृत विवरण र सोको आधारमा तयार गरिएको बजेट विनियोजनको विभिन्न अनुसूचीहरु यसैसाथ संलग्न गरिएको छ ।

धन्यवाद !!!